नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७**

| **क्र.सं.** | **कार्ययोजनाका क्रियाकलापहरु** | **कार्यान्वयन प्रक्रिया** | **समयावधि** | **कार्यान्वयन गर्ने निकाय** | **सहयोगी निकाय** |
|---|---|---|---|---|---|
| १ | तथ्यांक संकलन | | | | |
| १.१ | बसाइ स्थानान्तरण भएका तथा विद्यालय परिवर्तन गर्ने (कक्षा उन्नति भई जाने समेत) विद्यार्थीको विवरण | • विवरण संकलन गर्न सूचना जारी गर्ने ।<br>• सूचना प्राप्त गर्ने विद्यार्थीका अभिभावकले नजिकको विद्यालयमा सम्पर्क गर्ने र कुनै समस्या भएमा सम्बन्धित स्थानीय तहमा जानकारी गराउने ।<br>• विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रका विद्यार्थीको विवरण IEMIS मा अद्यावधिक गर्ने। | असोज दोस्रो हप्तासम्म | विद्यालय<br>स्थानीय तह | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| १.२ | वैकल्पिक सिकाइमा विद्यार्थीको पहुँच सम्बन्धी तथ्यांक | • बैकल्पिक सिकाइका विभिन्न माध्यममा विद्यार्थीको सुविधा पुगे नपुगेको सम्बन्धमा देहायका वर्गीकरण सहितको तथ्यांक संकलन गर्ने ।<br>○ सबै किसिमको प्रविधिको पहुँचभन्दा वाहिर रहेका विद्यार्थी ।<br>○ रेडियो, एफ एम रेडियोको पहुँच भएका विद्यार्थी ।<br>○ टेलिभिजनमा पहुँच भएका विद्यार्थी<br>○ कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी ।<br>○ इन्टनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी । | असोज दोस्रो हप्तासम्म | विद्यालय<br>स्थानीय तह | शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>वडा कार्यालय |

| क्र.सं. | कार्ययोजनाका क्रियाकलापहरु | कार्यान्वयन प्रक्रिया | समयावधि | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | • विवरण संकलनमा स्थानीय तहलाई विद्यालय, सम्बन्धित वडा कार्यालयले सहयोग गर्ने । | | | |
| २. | सबै विद्यार्थीले पाठ्यपुस्तक पाउने कुरा सुनिश्चित गर्ने | • बसाई स्थानान्तरण भएका विद्यार्थीसम्म पाठ्यपुस्तक पुर्‍याउने ।<br>• ब्रेल लिपिमा छपाई भएका पाठ्यपुस्तक विद्यार्थीले प्राप्त गर्न बाँकी भए लक्षित विद्यार्थीसम्म पुर्‍याउने । | असोज दोस्रो हप्तासम्म | विद्यालय<br>स्थानीय तह | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ३. | विद्यार्थी भर्ना | • विद्यालयमा भर्ना हुन बाँकी र स्थानान्तरित विद्यार्थीहरुलाई भर्ना गर्ने । | असोज दोस्रो हप्तासम्म | विद्यालय | स्थानीय तह |
| ४. | शिक्षक कार्यस्थलमा पुग्ने | • कुनै कारणले विद्यालयमा पुग्न नसकेका शिक्षकलाई कार्यस्थलमा पुग्न सूचना र सहजीकरण गर्ने ।<br>• स्थानीय प्रशासनले शिक्षकलाई आफ्नो कार्यस्थल पुग्न सहजीकरण गर्ने ।<br>• विद्यालय रहेको स्थानीय तहले जनस्वास्थ्य र सुरक्षाका आवश्यक मापदण्ड अवलम्बन गराउने। | असोज पहिलो हप्तासम्म | स्थानीय तह | स्थानीय प्रशासन<br>शिक्षा विकास तथा समन्वय इकाइ<br>विद्यालय |
| ५. | स्वीकृत पाठ्यक्रम अनुसार चालु शैक्षिक सत्रमा विद्यार्थीले सिक्नु पर्ने विषयवस्तु, शिक्षण विधिर मूल्यांकन प्रक्रियाको ढाँचा विकास | • विज्ञ समूह परिचालन गरी विषयवस्तुलाई विद्यार्थी स्वयंले सिक्न सक्ने र शिक्षकको सहयोग आवश्यक हुने गरी वर्गीकरण गर्ने।<br>• सो विषयवस्तुको शिक्षण सिकाइ विधि तथा मूल्यांकनका प्रक्रियाहरु (मोड्युल) निर्धारण गर्ने । | असोज दोस्रो हप्तासम्म | पाठ्यक्रम विकास केन्द्र | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ६. | क्र.सं. ५ को ढाँचाअनुसार स्वाध्यायन गर्न मिल्ने समेतका | • विज्ञ समूहबाट सहयोग लिई प्रत्येक मोड्युलको लागि नमूना सिकाइ सामग्री विकास गर्ने। | पहिलो चरणको | शिक्षा तथा मानव स्रोत विकास | पाठ्यक्रम विकास केन्द्र |

| क्र.सं. | कार्ययोजनाका क्रियाकलापहरु | कार्यान्वयन प्रक्रिया | समयावधि | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | सिकाइ सामग्री विकास | • त्यस्तो सामग्रीमा हयाण्ड-आउट्स/वर्क-वुक्स/अभ्यास पुस्तिका वा परियोजना कार्यको नमूना ईत्यादि समावेश गर्ने।<br>• विकसित सामग्रीलाई वेबसाइटमा राख्ने । | सामग्री असोज मसान्तसम्म, तत्पश्चात क्रमश:पौष मसान्तसम्म | केन्द्र | |
| ७. | क्र.सं. ६ बमोजिमको नमूना सिकाइ सामग्रीलाई आधार मानी स्थानीय तहले आवश्यकता अनुसार थप सामग्री विकास तथा छपाई गर्ने | • स्थानीय तहले विषयगत शिक्षकको रोष्टर विकास गरी दिइएका नमूना सामग्री समेतलाई आधार मानी थप सिकाइ सामग्री विकासगर्ने ।<br>• प्रविधिमा पहुँच नपुगेको समूहले पाउने सुनिश्चित गरी विकसित सामग्री छपाई र वितरण गर्ने ।<br>• विद्यालयले यस्ता सामग्रीको प्रयोगमा प्रोत्साहन गर्ने र सिकाइमा सहजीकरण गर्ने। | निरन्तर | स्थानीय तह | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, सम्बन्धित विद्यालय |
| ८. | सार्वजनिक विद्यालयका शिक्षक र विद्यार्थीबीच सिकाइ सम्पर्क कायम गराउने प्रयोजनका लागि मोबाइल सेवाको Closed User Group (CUG) मा आवद्ध गर्ने | • सार्वजनिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी भएका प्रत्येक घरधुरी समेटिने गरी प्रति घरधुरी एउटा सीमकार्ड तथा सो विद्यालयका प्रत्येक शिक्षकको सीमकार्डको फोन नं. संकलन गर्ने ।<br>• प्रत्येक विद्यालयका लागि यी फोन नं. लाई CUG सेवामा आवद्ध गराउने ।<br>• यो सेवा वापतको शुल्क नेपाल सरकार, प्रयोगकर्ता र सेवा | असोज मसान्तसम्म | विद्यालय<br>स्थानीय तह<br>संचार तथा सूचना प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय<br>शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय |

| क्र.सं. | कार्ययोजनाका क्रियाकलापहरु | कार्यान्वयन प्रक्रिया | समयावधि | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | प्रदायकले साझेदारीमा वेहोर्ने । | | | |
| ९. | शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) को Web-Portal Access गर्दा शुल्क नलाग्ने व्यवस्था | • CEHRD को Web-Portal**(learning.cehrd.edu.np)** Access गर्दा Mobile Data निशुल्क गर्ने। | असोज दोस्रो हप्तासम्म | संचार तथा सूचना प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय<br>शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय<br>नेपाल दूर संचार प्राधिकरण |
| १०. | विद्यालयमा इन्टरनेट सेवा विस्तार | • इन्टरनेट सेवाको पहुँच नपुगेका विद्यालयमा इन्टरनेट सुविधा पुऱ्याउने कार्ययोजना तयार गरी लागु गर्ने । | असोजबाट निरन्तर | संचार तथा सूचना प्रविधि मन्त्रालय<br>स्थानीय तह | अर्थ मन्त्रालय<br>शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय<br>विद्यालय |
| ११. | प्रत्येक घर परिवारलाई आफ्ना बालबालिकाको सिकाइमा सघन रुपमा सहभागी बनाउने गरी गृह विद्यालय (Home Schooling) को अवधारणा कार्यान्वयन गर्ने | • प्रत्येक परिवारबाट एकजना अभिभावकलाई सिकाइ सहजकर्ताका रुपमा छनौट गर्ने ।<br>• उक्त अभिभावकलाई विद्यार्थीले स्वाध्यायन गर्ने कार्य तालिका, सिकाइ सामग्री र स्वाध्यायनका लागि उपलब्ध माध्यमको बारेमा प्रत्यक्ष भेटेर वा टेलिफोनबाट अभिमुखीकरण गर्ने ।<br>• नियमित रुपमा विद्यार्थीको सिकाइ सम्बन्धमा सहजीकरण र रिपोर्टिङ्ग गर्ने । | असोज तेस्रो हप्तादेखि निरन्तर | विद्यालय<br>स्थानीय तह | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| १२. | अस्थायी सिकाइ सहजीकरण केन्द्र स्थापना | • शिक्षक-विद्यार्थी सम्पर्क स्थानका रुपमा अस्थायी सिकाइ सहजीकरण केन्द्र स्थापना गरी विद्यालय सम्म पुग्न नसक्ने विद्यार्थीको लागि सहजीकरण गर्ने । | असोज तेस्रो हप्तादेखि निरन्तर | स्थानीय तह<br>विद्यालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>अर्थ मन्त्रालय |

| क्र.सं. | कार्ययोजनाका क्रियाकलापहरु | कार्यान्वयन प्रक्रिया | समयावधि | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १३. | सिकाइ सहजीकरण केन्द्रलाई Free Wi-Fi Zone बनाउने | • यस्ता केन्द्रहरुमा इन्टरनेटको पहुँच विस्तार गरी निःशुल्क वाइफाइ सेवा उपलब्ध गराउने । | कार्तिकदेखि निरन्तर | स्थानीय तह<br>विद्यालय | संचार तथा सूचना प्रविधि मन्त्रालय<br>अर्थ मन्त्रालय<br>दूर संचार सेवा प्रदायक संस्था |
| १४. | विद्यार्थीको वर्तमान सिकाइ अवस्था र परिवेश समेतका आधारमा शिक्षक मार्फत विद्यार्थीको सिकाइ सहजीकरण | • शिक्षकले सिकाइ सहजीकरणको योजना तयार गरी विद्यार्थीलाई जानकारी गराउने र सोही बमोजिम काम गर्ने।<br>• शिक्षकले विद्यार्थीसँग टेलिफोन सम्पर्क गरी परिवेश अनुसार Online-Learning, श्रव्य-दृश्य वा श्रव्य सामग्री उपलब्धता/प्रसारणको बारेमा विद्यार्थीलाई जानकारी दिने र क्र.सं. ६ र ७ बमोजिम विकास गरिएका सिकाइ सामग्री प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।<br>• शिक्षकले विद्यालयमा बसी थप सिकाइ सामग्री तथा प्रत्येक हप्ताको लागि गृहकार्य तयार गर्ने र विद्यालयले विद्यार्थीसम्म पुऱ्याउने व्यवस्था गर्ने।<br>• यसका लागि विद्यार्थीहरुलाई छुट्टाछुट्टै समयमा विद्यालयमा वा सिकाइ केन्द्रमा बोलाएर सिकाइ सामग्री/गृहकार्य वितरण गर्ने, विद्यार्थीले गरेका गृहकार्य संकलन गर्ने, विद्यार्थीको समस्या समाधान गर्ने र आवश्यक पृष्ठपोषण दिई निरन्तर मूल्यांकन गर्ने । | असोज दोस्रो हप्तादेखि निरन्तर | विद्यालय | स्थानीय तह |

| क्र.सं. | कार्ययोजनाका क्रियाकलापहरु | कार्यान्वयन प्रक्रिया | समयावधि | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १५. | शिक्षक घरदैलो कार्यक्रम संचालन | • जनस्वाथ्यको दृष्टिकोणबाट सुरक्षित र सम्भव भएका स्थानमा शिक्षकहरुले अपांगता भएका विद्यार्थीलाई प्राथमिकतामा राखी तिनको घरदैलोमा पुगी सिकाई सुनिश्चितताको लागि सहजीकरण गर्ने।<br>• क्र.सं. २ अनुसार छुट भएका विद्यार्थीहरुलाई ब्रेल पाठ्यपुस्तक उपलब्ध गराउने ।<br>• अपांगता भएका विद्यार्थीहरुलाई घर दैलो सेवा प्रदान गर्दा विशेष शिक्षा सम्बन्धी तालिम प्राप्त शिक्षक परिचालनमा प्राथमिकता दिने। | असोज पहिलो हप्ताबाट निरन्तर | विद्यालय | स्थानीय तह |
| १६. | प्रारम्भिक बाल विकास शिक्षा सञ्चालन तथा सहजीकरण | • अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि सहयोगी सामग्री विकास, वितरण र प्रयोग ।<br>• सिकाइ तथा खेल सामग्रीको व्यवस्था गर्ने।<br>• बाल विकास केन्द्रका सहजकर्ताको क्षमता विकास गर्ने । | असोज दोस्रो हप्ताबाट निरन्तर | विद्यालय<br>बाल विकास केन्द्र | स्थानीय तह |
| १७. | स्थानीय प्रशासनले सिकाइ सहजीकरण सुनिश्चततामा आवश्यक सहयोग गर्ने । | • स्थानीय प्रशासनले माथि उल्लेख भएका सिकाइ सुनिश्चितताका प्रयासहरु अवरुद्ध हुन नदिने गरी सहजीकरण गरिदिने । | असोज पहिलो हप्ताबाट निरन्तर | स्थानीय प्रशासन | स्थानीय तह |
| १८. | श्रव्य-दृश्य सामग्री विकास र प्रसारण | • हाल प्रसारण भैरहेको श्रव्य-दृष्य कार्यक्रम विस्तार गर्ने ।<br>• थप स्टुडियोहरु समेतको पहिचान गरी कार्यक्रम निर्माणलाई गति दिने । | निरन्तर | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | मन्त्रालय<br>अर्थ मन्त्रालय<br>संचार तथा सूचना |

| क्र.सं. | कार्ययोजनाका क्रियाकलापहरु | कार्यान्वयन प्रक्रिया | समयावधि | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | • श्रव्य-दृष्य सामग्री विकास गर्दा क्र.सं. ५ अनुसारको ढाँचालाई अनुसरण गर्ने ।<br>• Dish तथा स्थानीय केवल टेलिभिजन सेवा प्रदायक संस्थाहरुसँगको सहकार्यलाई थप प्रभावकारी बनाउने । | | | प्रविधि मन्त्रालय<br>संस्कृति, पर्यटन तथा नागरिक उडययन मन्त्रालय |
| १९. | Dedicated Education TV Channel सञ्चालन गर्ने | • Dedicated Education Channel सञ्चालन गर्ने ।<br>• श्रव्य-दृश्य सामग्री प्रसारणको एकीकृत तालिका तयार गरी सार्वजनिक गर्ने । | कार्तिकदेखि निरन्तर | संचार तथा सूचना प्रविधि मन्त्रालय<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र | अर्थ मन्त्रालय<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| २०. | श्रव्य सामग्री विकास र प्रसारण | • हाल प्रसारित कार्यक्रमहरु विकास र विस्तार गर्ने।<br>• कार्यक्रमहरु तयार गर्दा क्र.सं. ५ अनुसारको ढाँचालाई अनुसरण गर्ने ।<br>• श्रव्य सामाग्री प्रसारणको एकीकृत तालिका सार्वजनिक गर्ने । | निरन्तर | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | पाठ्यक्रम विकास केन्द्र |
| २१. | मूल्यांकन प्रक्रियामा सामयिक सुधार गरी विद्यार्थीको मूल्यांकन गर्ने । | • क्र.सं ५ को ढाँचा बमोजिम गृहकार्य, परियोजना कार्य, घरमै दिन सक्ने परीक्षा लगायत निरन्तर मूल्यांकनका आधारमा विद्यार्थीको मूल्यांकन गर्ने। | कार्तिकदेखि निरन्तर | विद्यालय<br>पाठ्यक्रम विकास केन्द्र | स्थानीय तह |

| क्र.सं. | कार्ययोजनाका क्रियाकलापहरु | कार्यान्वयन प्रक्रिया | समयावधि | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २२. | विद्यार्थीमा पर्न सक्ने नकारात्मक मनोवैज्ञानिक असर कम गर्न सहयोगी हुने सामग्री विकास गरी प्रचार प्रशार गर्ने | • सामग्री विकास गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा राख्ने ।<br>• रेडियो टेलिभिजनबाट प्रशारण गर्ने।<br>• यस सम्बन्धमा शिक्षकको क्षमता विकास गरी विद्यार्थीलाई सहयोग गर्ने ।<br>• स्वास्थ्य क्षेत्रका सरोकारवालहरुसँग परामर्श गरी काम गर्ने । | असोज दोस्रो हप्ताबाट निरन्तर | शिक्षा तथा मानव स्रोत विकास केन्द्र,<br>प्रदेश सामाजिक विकास मन्त्रालय,<br>शिक्षा तालिम केन्द्र,<br>विद्यालय | स्थानीय तह,<br>शिक्षा क्षेत्रमा क्रियाशिल गैसस |
| २३. | शिक्षक-विद्यार्थी सम्पर्क स्थापना गर्ने क्रियाकलापमा निजी क्षेत्रको सहयोग परिचालन गर्ने। | • निजी क्षेत्रले सिकाइ केन्द्रमा सामग्री, पानी, WASH सम्बन्धी व्यवस्थापन गर्नुका साथै शिक्षकलाई सिकाइ केन्द्रसम्म पुर्‍याउन यातायात व्यवस्थापन लगायतका क्रियाकलापमा सघाउने। | असोज तेस्रो हप्तादेखि निरन्तर | निजी क्षेत्र | विद्यालय<br>स्थानीय तह |
| २४. | सिकाइ प्रक्रियामा बालिकाहरुको सहभागिता सुनिश्चित गर्ने । | • घर परिवारभित्र बालिकाहरुलाई विभेद हुन नदिन आमसंचारका माध्यम र गैसस परिचालन गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | असोज पहिलो हप्तादेखि निरन्तर | स्थानीय तह<br>विद्यालय | शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>प्रदेश सामाजिक विकास मन्त्रालय |
| २५. | सिकाइका दृष्टिले जोखिममा रहेका समूह लक्षित कार्यक्रम सञ्चालन | • जोखिममा रहेका बालबालिकाहरुको पहिचान गरी अभिलेखीकरण गर्ने ।<br>• यस प्रकारका बालबालिकाहरुका लागि सिकाइ सामग्री, पोषाक तथा खाजा उपलब्ध गराउने लगायतका लक्षित कार्यक्रमहरु | असोज दोस्रो हप्तादेखि निरन्तर | स्थानीय तह<br>विद्यालय | शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>प्रदेश सामाजिक विकास मन्त्रालय |

| क्र.सं. | कार्ययोजनाका क्रियाकलापहरु | कार्यान्वयन प्रक्रिया | समयावधि | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
| --- | --- | --- | --- | --- | --- |
| | | तर्जुमा गरी कार्यान्वयन गर्ने ।<br>• अपांगता अनुकूलका सिकाइ सामग्री विकास र वितरणको व्यवस्था गर्ने । | | | |
| २६. | शिक्षक क्षमता विकास कार्यक्रम | • क्र.सं. ५ को ढाँचा अनुरुप सिकाइ सहजीकरण गर्न शिक्षकको क्षमता विकास गर्ने गरी अनलाइन वा अफलाइन विधिबाट शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्ने । | असोज तेस्रो हप्तादेखि निरन्तर | प्रदेश सामाजिक विकास मन्त्रालय तथा शिक्षा तालिम केन्द्र | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| २७. | निजी लगानीका/ संस्थागत विद्यालयको शुल्क पुनरावलोकन गर्ने | • यस कार्य योजना अनुसार सञ्चालन हुने सिकाइ सहजीकरण गर्न निजी लगानीका/संस्थागत विद्यालयको लागि स्थानीय तहले नयाँ शुल्क निर्धारण गरी कार्यान्वयन गराउने । | असोज दोस्रो हप्तासम्म | स्थानीय तह | विद्यालय |
| २८. | बजेट व्यवस्थापन | • शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत विनियोजित बजेटका विभिन्न शीर्षकबाट यो कार्ययोजना कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गर्ने।<br>• स्थानीय तह र प्रदेशमा सशर्त अनुदानको रुपमा हस्तान्तरित मध्येबाट खर्च नहुने बजेट यस कार्य योजनामा उल्लिखित कार्य सञ्चालन गर्न स्वीकृति दिने।<br>• सो सम्बन्धी कार्यक्रम संशोधन, रकमान्तरको निर्णय प्राथमिकतामा राखी गर्ने। | असोज दोस्रो हप्तासम्म | अर्थ मन्त्रालय | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| २९. | समन्वय,अनुगमन तथा मूल्यांकनः | • समन्वय, अनुगमन तथा मूल्यांकनको लागि विद्यालय, स्थानीय तह तथा प्रदेश सरकारहरुले छुट्टा छुट्टै व्यवस्था गर्ने। | निरन्तर | तीन तहको सरकारबाट | विषयगत मन्त्रालयहरु |

| क्र.सं. | कार्ययोजनाका क्रियाकलापहरु | कार्यान्वयन प्रक्रिया | समयावधि | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | • केन्द्रीय स्तरमा समन्वय र अनुगमनको लागि ३ तहको संयन्त्र रहने,<br>○ मन्त्रालयका मा. मन्त्रीको संयोजकत्वमा, मा. अर्थमन्त्री, मा. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, मुख्य सचिव, अर्थ सचिव, संघीय मामिला तथा सामान्य प्रशासन सचिव, मन्त्रालयका सचिव सहितको निर्देशक समिति<br>○ मन्त्रालयका सचिवको संयोजकत्वमा केन्द्रीय अनुगमन समिति<br>○ शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशकको संयोजकत्वमा समन्वय समिति | | | |
| ३०. | कार्ययोजना कार्यान्वयन प्रभावकारी बनाउन अभियान सञ्चालन गर्ने | • कार्ययोजना कार्यान्वयन अभियानमा शिक्षा क्षेत्रमा क्रियाशील सरकारी निकाय, गैह्रसरकारी संघ-संस्था, नागरिक समाज, निजी क्षेत्र, आम सञ्चार माध्यम लगायत सबै सरोकारवालाहरुलाई आवद्ध गराउने | असोज दोस्रो हप्तादेखि | स्थानीय तह | विद्यालय |
| ३१. | सरोकारवालाहरुसँग परामर्श तथा कार्य योजना परिमार्जन | • स्थानीय तह, प्रदेश सरकार र अन्य सरोकारवालाहरुसँग निरन्तर परामर्शका आधारमा कार्ययोजना परिमार्जन गर्ने ।<br>• कार्ययोजना परिमार्जन सम्बन्धी निर्णय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्ने। | निरन्तर | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |